# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## उँधौली पर्व, २०७९ को शुभकामना सन्देश

हामी नेपालीहरुको परम्परा, भेषभुषा, चालचलन एवं चाडपर्व र संस्कृतिमा विविधता छ। यही विविधताभित्र दरिलो एकता तथा सामाजिक सहिष्णुता विश्वसामु हाम्रो पहिचान बनेको छ। यसप्रति हामीले गर्वबोध गर्न सक्नुपर्छ। हामी सबै समुदाय र सम्प्रदायका नेपालीहरु समस्टीमा बन्धु-बान्धव हौं। हाम्रा सबै भाषा तथा चाडपर्वहरु राष्ट्रिय हुन्। यस सन्दर्भमा हाम्रो देशका किराँत समुदायले मनाउने उँधौली पर्व पनि हाम्रा पर्वहरु मध्येको एउटा महान् चाड हो। यो पर्वको सुखद् अवसरमा देशभित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई-दिदिबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु।

नेपाली जीवनको आधारस्तम्भ कृषि एवं पशुपालनबाट विकसित हुँदै आएको हो। एकातिर पशुहरु लेकाली इलाकाको खर्कबाट गाउँवेशी झरेको र अर्कातिर अन्नबाली भित्राएको खुशीयालीमा मनाइने यो पर्वको हाम्रो जीवनमा विशिष्ट महत्व छ। यसलाई हाम्रो गौरवमय परम्परा र उच्च सांस्कृतिक धरोहरका रुपमा जोगाई राख्नु हाम्रो दायित्व पनि हो। यस पर्वले हामी नेपालीबीच आपसी मेलमिलाप, सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दै राष्ट्रिय एकता सुदृढ गर्न प्रेरित गर्नेछ भन्ने विश्वाससहित पुन : एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७९ मंसिर २२ गते, विहीबार

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख